# ६

# प्रकृतिको विनाश: भत्काउनुपर्ने केही मिथ्या धारणाहरू

**अनिल भट्टराई**

अहिले प्रकृतिको विनाश धेरैभन्दा धेरै मानिसहरूको अनुभवको विषय बन्दै गइरहेको छ, चासोको विषय बन्दै गइरहेको छ । पत्रपत्रिका, रेडियो, टेलिभिजनदेखि स्थानीय चिया पसलमा हुने गफ, छलफल, आदिमा यो विषयले ठाउँ पाउन थालेको छ। दिन-दिनै सञ्चारमाध्यममा आउने घटनाहरू बढ्दो रूपमा प्रकृतिको विनाशसँग जोडिन थालेका छन् । जमिनको घट्दो उर्वराशक्ति, जङ्गलको विनाश, बाढी, पहिरो, नदीमा सिद्धिँदै गएका माछा, सडकमा मोटरले फ्याँक्ने धुवाँ, सुक्दै गएका पानीका स्रोतहरू, खेतीपातीमा बढ्दो मात्रामा प्रयोग गरिएका रासायनिक मल तथा विषादीले सृजना गरेका समस्या, आदि प्रकृतिको विनाशसँग कुनै न कुनै रूपले सम्बन्धित छन् । यी समस्याहरूबाट दिनानुदिन बढीभन्दा बढी मानिसहरू प्रभावित हुँदैछन् । जतिजति बढी मानिसहरू यसबाट प्रभावित हुँदैछन्, यी समस्या सृजना गर्ने प्रकृयाहरूविरुद्ध मानिसहरूको आवाज पनि बढ्दै गएको छ। यी आवाजहरूले अहिले सरकारी स्तरमा सञ्चालन गरिँदै आएका विकासका कार्यक्रमहरू तथा ती कार्यक्रम पछाडिका सोच तथा चिन्तनलाई नै चुनौती दिएका छन् ।

प्रकृतिको विनाशले सबै मानिसहरूलाई एकै प्रकारको असर गर्दैन । नेपालमा अझै पनि धेरै मानिसहरूको जीवनको आधार भनेको आफ्नो घर वा समुदाय नजिकैका प्राकृतिक स्रोतहरू हुन् । मानिसहरूले जीवनका भौतिक तथा अभौतिक आवश्यकताको परिपूर्ति गर्नका लागि नजिकैका विभिन्न साझा स्रोतहरू प्रयोग गर्दछन् । खानेकुरा, घर बनाउने सामानहरू, बस्तुभाउको घाँस, चरन, औषधी-उपचारका लागि जडीबुटीलगायत खेतीपातीका लागि चाहिने अरू धेरै चीजहरू नजिकैको जङ्गल, खोला, घोल आदिबाट आउँछन् । गाउँको खाली चउर बस्तुभाउ चराउने चरन हो । तर यो चरन मात्रै होइन । मानिसहरूले यसको प्रयोग अरू विभिन्न तरिकाले गर्दछन् । यसमा मानिसहरू खेल्ने, भेटघाट गर्ने, मेला जात्रा

*विकास,* ६(१०):३-८, असोज २०५४ मा प्रकाशित ।

मनाउने, आदि काम पनि गर्दछन् । त्यस्तै किसिमले जङ्गल वा खोलाको पनि प्रयोग हुने गर्दछ । नेपालमा हामीमध्ये धेरैको जीवन अझै पनि यस्ता साझा समुदायका स्रोतहरू वरिपरि नै बितेको छ वा धेरैको यसका बारेमा अनुभव पनि छ ।

अहिले यी स्रोतहरू बिस्तारै विनाश हुँदै जान थालेका छन् । घर छेउको जङ्गल सकिएर चाहिने दाउरा, घाँसका लागि मानिसहरूलाई टाढाटाढा जानु परेको छ। घर छेउका पँधेराहरू सुक्दै गएका छन् । जमिनको उर्वराशक्ति घटेर खेतीपाती गर्न अप्ठेरो पर्दै गइरहेको छ । शहरहरूमा हावा विषाक्त हुने क्रम बढ्दै गइरहेको छ । जब यसरी प्रकृतिको विनाश हुन थाल्छ त्यसमा आधारित मानिसहरूको जीविकाको समस्या सृजना हुन पुग्छ । आफ्ना घर छिमेकका जङ्गल, पानी वा अरू स्रोतहरूको विनाश भएपछि मानिसहरूको स्वतन्त्रता, स्वास्थ्य, खाना, बास आदिको समस्या सृजना हुने गर्दछ । संस्कृतिको विनाश हुने गर्दछ । त्यसै कारणले प्रकृति बचाउने भन्ने कुरा यसमा आधारित मानिसहरूका लागि आफ्नो अस्तित्व बचाउने कुरासँग पनि गाँसिएको हुन्छ ।

तर अहिले प्रकृति बचाउने भन्ने कुरा त्यसमा जीविकाको लागि सीधा निर्भर रहने मानिसहरूको मात्र कुरा भएको छैन । अहिले सबैको भाषामा प्रकृतिको संरक्षण, वातावरणीय सन्तुलन, आदि जोडिन थालेका छन् । सरकार, दाताहरू, ठूलाठूला विकासे ब्याङ्कहरूलगायत ठूलाठूला व्यापारीहरू, शहरका पढे-लेखेका विद्वानहरू, आदि पनि प्रकृतिको विनाशबाट चिन्तित देखिन्छन् । वातावरणका बारेमा गरिएका गोष्ठी, सम्मेलन-विना कुनै दिन बित्दैन । मलाई लाग्छ अहिले दिगो विकासको कुरा नगर्ने मानिसहरू कोही छैनन् होला । तर सबै मानिसका लागि प्रकृतिको संरक्षणको कुरा भनेको एकै खाले कुरा होइन । यसमा जीविकाको लागि प्रत्यक्ष निर्भर नरहने मानिसहरूका लागि प्रकृतिको संरक्षण भनेको जीवन मरणको सवाल होइन । तर आजभोलि नेपालमा प्रकृति संरक्षणबारे बडेबडे कुरा गर्ने मानिसहरू यही समूहका रहेका छन् ।

प्रकृति संरक्षणको कुरा गर्दा त्यसबाट जीविका चलाउनेहरूका कुरा यी मानिसहरूले उठाउने गरेका छैनन् । उनीहरू जैविक विविधताको कुरा त गर्दछन् तर किसान कसरी बीउमाथि आफ्नो नियन्त्रण गुमाउँदैछ र सरकारको कृषि कार्यक्रमले त्यसको गति कसरी बढाएको छ भन्ने कुरा गर्दैनन् । उनीहरू जङ्गल बचाउने कुरा वा वन्यजन्तु बचाउने कुरा गरेर कहिल्यै थाक्दैनन् तर अहिलेको सरकारी संरक्षणका कार्यक्रमहरूले कसरी स्थानीय मानिसका जीविकाका स्रोतहरू पर्यटकीय होटलहरू, पर्यटन व्यावसायीहरू, जमिन खरिद-बिक्री गर्ने दलालहरू, सरकारी कर्मचारीतन्त्र तथा अहिले बहुराष्ट्रिय कम्पनीहरू, आदिको हातमा गइरहेको छ भन्ने कुरा गर्दैनन् । उनीहरू हावा दूषित भएको कुरा गर्छन् तर सडकहरू कसरी नव-धनाढ्यका निजी गाडीहरूको कब्जामा जाँदैछन् भन्ने कुरा गर्दैनन् । वास्तवमा यी मानिसहरूको प्रकृति संरक्षणसम्बन्धी विचार प्रकृति तथा प्रकृति विनाशसम्बन्धी निश्चित मान्यताहरूमा आधारित छ । प्रकृति भनेको के हो भन्नेसम्मका कुराहरूबारे आफ्नै निश्चित सोचहरू छन् ।

विगत पचास वर्षदेखि नेपाललगायत अन्य धेरै देशहरूमा सञ्चालित विकास कार्यक्रमहरू पश्चिमको औद्योगिक नमुनामा आधारित थिए । प्रकृतिलाई औद्योगिक उत्पादनको लागि चाहिने कच्चा पदार्थको स्रोतको रूपमा लिइएको यस नमुनामा मानिसको समृद्धि उद्योगहरूले उत्पादन गरेका चीजबीज वा सेवाहरूको उपभोगबाट हुन सक्दछ भन्ने मान्यता राखिएको थियो । बितेको विकासको युगभरि यही मान्यता-अनुसार विकासका कार्यक्रमहरू सञ्चालन भए । विकास गर्ने नाउँमा स्थानीय मानिसका जीविकाका स्रोत रहिआएका जङ्गल, पानी, जमिन या सरकारको हातमा गए, या त पैसावाल र शक्तिमा भएकाहरूको हातमा । नेपालमा जङ्गल सरकारको हातमा जानेबित्तिकै यसको विनाश हुने क्रम पनि सँगै शुरु भयो । नेपालको सन्दर्भमा बितेको विकासको युगमा भएको प्रकृतिको विनाश र यसले मानिसहरूमा पारेका फरक-फरक प्रभावहरू आदिको राम्ररी लेखाजोखा गर्ने काम शुरु भएको छैन । स्थानीय मान्छेका अनुभवहरूको आधारमा सरकारले लिएका विकास नीति तथा कार्यक्रमहरू र तिनले स्थानीय रूपमा प्रकृतिमाथि र जनजीविकामाथि पारेका प्रभावहरूको लेखाजोखा गरेर नयाँ राजनीतिक प्रकृयाको थालनी गर्नुपर्ने अहिलेको आवश्यकता हो । तर यस लेखमा मेरो उद्देश्य त्यस्तो किसिमको लेखाजोखा गर्ने होइन । त्यससम्बन्धी गहिरो सामाजिक अध्ययन मैले गरेको छैन । यस लेखमा म खालि सरकारी तथा हालका शक्तिमा रहेका संस्थाहरू वा व्यक्तिहरूले प्रकृतिको विनाशबारे निर्माण गरेका केही मिथ्या धारणाहरूको बारेमा विश्लेषण गर्न चाहन्छु ।

अहिले सरकारले, विश्व ब्याङ्कजस्ता ठूलाठूला साहुकारी संस्थाहरू तथा अरू विभिन्न अन्तर्राष्ट्रिय दाताहरूले प्रकृति विनाशबारे चासो लिएका छन् । उनीहरूले अहिले आफ्नो विकासलाई प्रकृतिसम्मत बनाउने वा दिगो बनाउने कुरा गर्दैछन् । तर ती सोचहरू तथा कार्यक्रमहरू केही मान्यतामा आधारित छन् जसमाथि राम्ररी प्रश्न उठाउनुपर्ने भएको छ । ती मान्यताहरूलाई प्रमुख रूपमा निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ:

- गरिब मानिसहरूले प्रकृतिको विनाश गर्दछन् ।
- प्रकृति विनाशको मुख्य कारण बढ्दो जनसङ्ख्या हो ।
- बजारलाई स्वतन्त्र छोडिदियो भने प्रकृतिको विनाश रोकिन्छ ।
- विकसित देशको पूँजी, प्रविधि तथा ज्ञान थपेपछि यो समस्या समाधान गर्न सकिन्छ ।

अब यी मान्यताहरूबारे बुँदागत विवेचना गरौं ।

## गरिब मानिसहरूले प्रकृतिको विनाश गर्दछन्

नेपाल टेलिभिजनमा बेलाबेलामा प्रकृति विनाशसम्बन्धी एउटा छोटो, त्यस्तै पाँच-दश मिनेटको, कार्यक्रम प्रसारण गरिन्छ । त्यसमा देखाइने दृश्यहरू यस्ता हुन्छन्–

गाउँका गरिब मानिसहरू, त्यसमा पनि धेरैजसो महिलाहरू, हँसिया, बञ्चरो र नाम्लो बोकेर जङ्गलतिर जाँदैछन् । कार्यक्रम सञ्चालकले नेपालमा दाउराले गर्दा वन-जङ्गलको विनाश हुँदै गरेको कुरा गर्छन् । जङ्गलका रूखहरू एकएक गर्दै ढाल्दै जान्छन् । ती महिलाहरू पिठचूँमा दाउराको भारी बोकेर फर्कदैछन् । रूखहरू ढल्दै गरेको दृश्य लगातार प्रस्तुत भइरहन्छ। अनियन्त्रित बसोबास गरेका सुकुमबासी बस्तीहरू, दाउराका भारी बोकेका मानिसहरू, मुख्यत: महिलाहरू, आदिका दृश्यहरूलाई बारम्बार प्रस्तुत गरिन्छ। अनि बाढी आउँछ, पहिरो जान्छ। अन्नका खेतहरू बगाएर लैजान्छ। यो चक्रको रूपमा चल्दै जान्छ। हामी पर्यावरणीय समस्याका भुमरीमा फँस्दै गएका छौँ ।

सरकार, साहुकारी संस्थाहरू तथा ठूलाठूला दाताहरूले वातावरण विनाश र गरिबीलाई कसरी जोडेर हेर्छन् भन्ने टेलिभिजनको यो छोटो कार्यक्रमले धेरै हदसम्म प्रतिनिधित्व गर्छ। विगत केही समयदेखि टेलिभिजन, रेडियो, अन्य सञ्चारमाध्यमलगायत बुद्धिजीवीहरूका अनुसन्धान आदिले प्रकृति विनाशको प्रमुख कारकको रूपमा गरिबीलाई औँल्याउन थालेका छन् । त्यसैअनुरूप अहिले गरिबी, प्रकृति विनाश तथा आर्थिक वृद्धिको मान्यतामा आधारित चालू विकास यी तीन वटा विचारलाई नयाँ ढङ्गले प्रस्तुत गर्न थालिएको छ जसलाई निम्न प्रकारले राख्न सकिन्छ:

- गरिबीले प्रकृतिको विनाश गर्दछ, धन जम्मा भएपछि त्यसले समस्या समाधान हुन्छ ।
- आर्थिक वृद्धिले धन सृजना गर्ने साथै गरिबी हटाउने काम गर्दछ ।
- त्यसैले प्रकृतिको संरक्षण गर्नका लागि आर्थिक वृद्धिको आवश्यकता पर्दछ ।

तर वास्तवमा न गरिबी नै प्रकृतिको विनाशको कारक तत्व हो न आर्थिक वृद्धि यसको समाधान। पचास वर्षअगाडि विकास शुरु हुँदादेखि अहिलेसम्म गरिबीलाई आर्थिक आम्दानीको आधारमा परिभाषित गरिँदै आएको छ। आफ्नो खाना, बास, कपडा आफैं वा समुदायभित्रै सृजना गर्ने धेरै हदसम्म आत्मनिर्भर मानिसहरू, समुदायहरू विकासको मापदण्डमा गरिब ठहरिए । उपनिवेशवादबाट भर्खरै मुक्त भएका देशहरूमा हस्तक्षेप गर्नका लागि गरिबीको यो परिभाषा महत्वपूर्ण सावित भयो। गरिबीको यस परिभाषासँगै यसको निवारण गर्न भनेर आर्थिक वृद्धिमा आधारित विकास कार्यक्रमहरू चालू भए। यो प्रकृयामा उपनिवेशको समयमा जस्तै गरिब ठाउँका समुदायहरूका मानिसका स्रोतहरू धनी ठाउँमा वा धनीहरूको कब्जामा जाने काम शुरु भयो। नेपालमा समुदायको हातमा रहेका वन-जङ्गल सरकारीकरण भएपछि वनका वनपालेदेखि दरबारका शासकहरूसम्म सबै वन फाँडेर धन कमाउन लागे । अहिले नेपालको जलसम्पदा त्यही विकास तथा गरिबी निवारणको नाममा विदेशीहरूलाई सुम्पने काम शुरु भएको छ । वास्तवमा यदि गरिबहरूले वातावरण विनाश गर्छन् नै भने पनि त्यो विकासको प्रकृयाले सृजना गरेका गरिबहरूले केही विनाश गर्छन्। सुकुमबासीहरू जङ्गल फाँडेर बस्छन्। गाउँबाट विस्थापित

मानिसहरूको भीड शहरहरूमा देख्न पाइन्छ । तैपनि यो विनाश विकास वा आधुनिकीकरणको प्रकृयामा हुने विनाशभन्दा धेरै कम छ ।

गरिबी प्रकृति विनाशको प्रमुख कारकतत्व हो भन्ने मान्यतासँगै जोडिएर आउने अर्को मान्यता धन सृजना गरेपछि विनाश रोकिन्छ भन्ने हो । तर वास्तविक रूपमा अहिले जुन प्रकृतिको विनाश भइरहेको छ त्यो या अहिले धन भनेर जेलाई भनिन्छ त्यसको सृजना गर्नमा भएको छ या त्यसको उपभोग गर्ने प्रकृयामा भएको छ । काठमाडौंमा जतिजति उपभोग बढ्दै छ त्यति नै बढी फोहर पनि बढ्दैछ । जतिजति मानिसका उपभोग बढ्दैछन्, त्यति नै बढी तिनको ओसारपसारमा बढी समय तथा इन्धन प्रयोग हुँदैछ । आर्थिक वृद्धिको सिद्धान्तअनुसार जति बढी उत्पादन तथा उपभोग हुन्छ त्यति नै धनको सृजना हुन्छ । त्यसको हिसाब-किताब गर्नका लागि नै यसको प्रयोग गरिन्छ । तर अहिले भन्ने गरिएको धनको सृजना त प्रकृति विनाशको प्रकृयामा हुन्छ । एकातिर उत्पादनको लागि प्राकृतिक स्रोतहरूको प्रयोग हुन्छ भने उत्पादन गर्दा उद्योगधन्दाबाट निस्किएका फोहर तथा ती उत्पादित चीजबीजको उपभोगबाट निस्कने फोहरले प्रकृतिको अरू विनाश गर्दछ । तर अहिलेको हिसाब-किताब गर्ने प्रणालीमा भने यस्तो विनाशलाई पनि धन सृजना भइरहेको भनेर नै लिइन्छ । आ-आफ्ना स्थानीय ठाउँहरूमा यस्तो विनाशको प्रकृया कसरी चालू भइराखेको छ भन्ने कुरा विश्लेषण गरौं ।

## प्रकृतिको विनाशको मुख्य कारण बढ्दो जनसङ्ख्या हो

आजभोलि बढ्दो जनसङ्ख्यालाई बडो चतुऱ्याइँपूर्ण ढङ्गबाट प्रस्तुत गरिन्छ । एकताका नेपालमा वातावरणको कुरा 'वन तथा भूसंरक्षण मन्त्रालय'अन्तर्गत हुने गर्थ्यो । अहिले जनसङ्ख्या तथा वातावरणलाई एकै ठाउँमा राखेर 'जनसङ्ख्या तथा वातावरण मन्त्रालय' सृजना गरिएको छ । प्रकृतिको विनाशलाई बढ्दो जनसङ्ख्यामा जोड्ने सरकारी नियत यसमा प्रष्ट झल्कन्छ ।

निश्चय नै जनसङ्ख्या वृद्धि भएको छ । बितेका तीन-चार दशकमा नेपालको जनसङ्ख्या दोब्बर भएको छ । तर जनसङ्ख्या वृद्धिलाई वातावरण विनाशको कारणको रूपमा प्रस्तुत गर्दा सुनियोजित ढङ्गबाट एउटा तथ्य लुकाउने प्रयास गरिन्छ । त्यो हो उपभोगको । वास्तवमा प्रकृतिको विनाश कति जनसङ्ख्या छ भन्ने कुराले मात्रै होइन कि भएका जनसङ्ख्याले कति उपभोग गर्दछन् भन्ने कुराले पनि निर्धारण गर्दछ । जनसङ्ख्यालाई वातावरण विनाशसँग गाँसेर हेर्दा अर्को कुरा पनि सँगै प्रस्तुत गरिन्छ । गरिबहरू धेरै सन्तान पाउँछन् । अन्ततः फेरि गरिबहरू नै वातावरण विनाशका लागि जिम्मेवार छन् भन्ने कुरा विभिन्न तथ्य तथ्याङ्कहरूको प्रस्तुतिबाट प्रमाणित गर्ने प्रयास गरिन्छ । यो सबै विश्लेषणमा धनीहरूले गर्ने अत्यधिक उपभोगका कुरा विरलै आउँछन् । नेपालमा प्राकृतिक स्रोतको उपभोग कसले कति गर्छन् तथा विनाशका लागि जनसङ्ख्याको कुन वर्ग वा वर्गहरू कति हदसम्म जिम्मेवार छन् भन्ने कुराको

लेखाजोखा सामाजिक आन्दोलनमा लाग्नेहरूले गर्नुपर्ने काम भएको छ। अहिलेसम्म वातावरण कसले विनाश गर्छ भन्ने कुरा या सरकारी तवरबाट आउँछ या ठूलाठूला दाताहरू, साहुकारी संस्थाहरूमा काम गर्ने बुद्धिजीवीहरूका अनुसन्धानबाट ।

पक्कै पनि सीमित प्रकृतिले धान्नका लागि जनसङ्ख्या पनि सीमित हुनु पर्छ। तर कति जनसङ्ख्या प्रकृतिले धान्न सक्छ भन्ने कुरा फेरि ती जनसङ्ख्याले गर्ने उपभोगले पनि निर्धारण गर्छ। प्रत्येक औसत मध्यमवर्गीय अमेरिकीले गर्ने जति उपभोग सबैले गर्नका लागि त अहिलेकै जनसङ्ख्या पनि धेरै बढी हुन्छ। वास्तवमा स्रोतहरूमाथिको असमान पहुँचलाई पन्छाएर जनसङ्ख्या वृद्धिको मात्रै कुरा गर्नु सामाजिक न्यायका दृष्टिले उचित हुँदैन। अहिले संसारका धेरैजसो स्रोतहरू धनीहरूको उपभोगका लागि प्रयोग हुँदै आएका छन्। एउटा अध्ययनबाट के थाहा पाइएको छ भने नेदरल्याण्डको एकजना मानिसको उपभोगका लागि चाहिने चीजबीज उत्पादन गर्न छ हेक्टर जमिन चाहिन्छ भने त्यसमध्ये पाँच हेक्टर जमिन गरिब देशहरूको प्रयोग हुने गरेको छ। विगतको विकासका लागि ऋण तिर्न भनेर विश्व ब्याङ्क तथा अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता वित्तीय संस्थाहरूले गरिब देशहरूलाई निर्यातका लागि उत्पादन गर्न दबाब दिने गर्दछन्। अहिले गरिब देशका प्राकृतिक स्रोतहरू जङ्गल, जमिन, पानी आदि धनीहरू वा धनी देशहरूका लागि चाहिने कपडा, खाद्यान्न तथा अरू उपभोगका सामानहरूको उत्पादनका लागि प्रयोग हुँदै आइरहेको छ। फरक यत्ति हो कि उपनिवेशवादको समयमा जबर्जस्ती यस्तो हुन्थ्यो। अहिले विकासको नाममा यस्तो हुन थालेको छ।

## बजारलाई स्वतन्त्र छाडिदियो भने प्रकृतिको विनाश रोकिन्छ

प्रकृतिको विनाश सम्बन्धमा हाल केही समययता सरकारी रूपमा तथा शक्तिमा भएकाहरूले प्रस्तुत गर्ने अर्को मिथ्या धारणा बजारी प्रतिस्पर्धासम्बन्धी हो। पहिलेका साम्यवादी देशहरूमा भएको ठूलो परिमाणको प्रकृति विनाश, स्रोतहरूको दुरुपयोग तथा वातावरणीय प्रदूषण आदिलाई देखाएर खुला बजारका हिमायतीहरूले बजारी प्रतिस्पर्धा नै स्रोतहरूको विनाश हुनबाट बच्ने मुख्य उपाय हो भन्ने कुरा प्रस्तुत गर्दछन्। यसो भन्दा उनीहरूले ऐतिहासिक रूपमा उपनिवेशवाद तथा त्यसपछिका आर्थिक विकासका कार्यक्रमहरूले सृजना गरेका प्राकृतिक विनाशका समस्याहरूलाई भने लुकाउने प्रयत्न गर्दछन्। अहिले स्वतन्त्र व्यापारका नाउँमा विश्वका केही ठूला व्यापारीहरूले प्राकृतिक स्रोतहरूमाथि कब्जा जमाउँदै गएका छन्। उनीहरू प्राकृतिक स्रोत या सीधै उपयोग गर्दछन् या विकासका नाममा सरकारी कार्यक्रम तथा नीतिहरू निर्माण गर्न लगाएर सरकारहरूमार्फत आफ्ना फाइदाका लागि प्रयोग गर्दछन्। उदाहरणका लागि आधुनिक बीउ उत्पादकका कम्पनीहरूले सबै ठाउँमा आफूले जमिन किनेर खेती गर्दैनन् तर सरकारी कार्यक्रमहरूमार्फत यस्ता बीउबिजनहरू तथा तिनका लागि आवश्यक आफ्ना कम्पनीका सामानहरूको किसानहरूमाझ प्रचार प्रसार गराउँछन्। यो वास्तवमा स्वतन्त्र बजार होइन। सरकारले यस्ता कम्पनीहरूका लागि सजिलो हुने कानूनहरू

बनाउँदछ । अर्को कुरा यस्तो प्रकृयामा प्रकृतिको संरक्षण हुन्छ भन्नेहरूले सधैँ भन्ने गरेको एउटा कुरा के हो भने यसले प्रतिस्पर्धा बढाई स्रोतहरूको जथाभावी प्रयोग हुनुबाट रोक्दछ। तर यस्तो न कहिले भएको थियो न कहिले हुन्छ। फेरि पहिले भनिएको उपभोगकै कुरा पनि सोच्नु पर्ने हुन्छ। वास्तवमा प्राकृतिक स्रोतहरूको प्रयोग उत्पादनमा हुन्छ तर सँगै सोच्नुपर्ने कुरा के हो भने त्यो उत्पादन उपभोगको लागि नै हुने गर्दछ। बजारमा नाफा कमाउनका लागि उपभोग बढी हुनु पर्दछ। आधुनिक प्रविधिको विकासले उत्पादन प्रकृयामा स्रोतहरूको बचावट हुन गए तापनि बढ्दो उपभोगले त फेरि प्रकृतिको विनाश भइहाल्छ ।

अहिले खुला बजारका नाममा गरिब देशका स्रोतहरू धनी देशहरूका लागि प्रयोग हुन थालेको छ। यो दुई प्रकारबाट हुन्छ। एउटा, धनीहरूको उपभोगका लागि यहाँका स्रोतहरूको प्रयोग गरेर । अर्को, वस्तु उत्पादन तथा उपभोग क्रममा सृजना भएका फोहरहरू फ्याँक्नका लागि पनि गरिब देशहरूकै जमिन प्रयोग हुन थालेको छ । धनीहरूका लागि चाहिने बिजुली उत्पादन गर्नका लागि नदीमा बाँध बाँधेर गरिबहरू विस्थापित हुन्छन् । धनी देशका पुराना गाडीहरू सहयोगका नाममा वा खुला बजारको नाममा गरिब देशहरूमा नै आयात हुने गर्दछन्। गाडीको त उदाहरण मात्रै हो । अहिले धनी देशहरूका फोहरहरू गरिब देशमा विभिन्न बहानामा ल्याउन थालिएको छ । नवलपरासी, गैँडाकोटको कागज कारखानामा जर्मनी, सिङ्गापुर, जापान आदि देशका फोहर कागजहरू फेरि उत्पादनका लागि ल्याइन्छ। यहाँको खर बाट बनेको कागज फेरि उतातिर नै लगिन्छ। आफूलाई चाहिने कागज पनि यहीँबाटै पाइने, आफ्ना फोहरहरू पनि यहीँ नै फ्याँक्न पाइने । अहिले औद्योगिक नीति नियमहरूलाई सरकारले खुला वा उदार अर्थनीतिका नाममा खुकुलो बनाउन थालेपछि यो क्रम तीव्र भएको छ। नेपालमा यससम्बन्धी गहिरो अध्ययन गरिएको छैन ।

**पश्चिमी प्रविधि तथा ज्ञान थपेपछि यो समस्या समाधान गर्न सकिन्छ**

प्रकृति विनाशका सम्बन्धमा निर्मित अर्को मिथ्या धारणा हो यसको समाधान पश्चिमी प्रविधि तथा ज्ञानको सहायताले गर्न सकिन्छ भन्ने । प्रकृति विनाशले गर्दा सोको निवारणका लागि पश्चिमा देशहरूमा वातावरणीय प्रदूषण कम गर्ने विभिन्न आधुनिक प्रविधिहरूको पनि विकास भएको छ । मोटरमा धुवाँ कम फ्याँक्ने यन्त्र जड्न थालिएको छ। फ्याक्ट्रीहरूमा धुवाँ नियन्त्रण गर्ने उपकरण जोड्न थालिएको छ। त्यस्तै, सृजना भएका विभिन्न प्रकारका फोहरहरूको पुनः प्रशोधनका लागि पनि विभिन्न वैज्ञानिक आविष्कारहरू भएका छन्। यसले गर्दा केही देशहरूमा वातावरणीय प्रदूषणलाई केही हदसम्म नियन्त्रण पनि गरिएको छ । शहरहरूमा पहिलाको जस्तो धुवाँ वा धूलो हुँदैन । नदीहरूमा पनि ढलको पानी प्रशोधन गरेर मात्र राखिने हुनाले प्रदूषणमा कमी आएको छ। यी केही सफलताहरूलाई प्रस्तुत गरेर पश्चिमी प्रविधिले

समस्याको समाधान गर्न सक्छ भन्ने कुरा राखिन्छ । तर यो कुरा पनि एकदम खण्डीकृत सोच तथा विचारबाट नै निर्माण भएको छ । निश्चय नै त्यस्ता केही प्रविधिले वातावरणीय विनाशलाई रोक्न सहयोग गर्छन् । तर पश्चिमका देशहरू सफा राख्नका लागि त्यहाँका फ्याक्ट्रीहरू गरिब देशहरूमा तीव्रतर गतिमा सारिँदै गरेको कुरालाई कसरी उपेक्षा गर्न सकिन्छ ? साथै स्थानीय मानिसका ज्ञान तथा परम्परामा भएका प्रकृति संरक्षणका उपायहरूलाई बेवास्ता गरिन्छ । सधैँ के कुरा भुल्ने गरिन्छ भने धेरैजसो मानिसहरूका लागि प्रकृतिको विनाशको समस्या भनेको प्रदूषण वा धूलो, धुवाँको मात्रै समस्या होइन । यो त जीविकासम्बन्धी समस्या हो । धनी देशहरूको प्रकृतिको समस्या बढ्दो उपभोगले सृजना गरेको समस्या हो भने गरिब देशहरूको समस्याचाहिँ जीविकामा आएको स्खलनको समस्या हो ।

यसरी सरकारी तवरमा प्रकृति विनाशसम्बन्धमा केही मिथ्या धारणाहरू निर्माण भएका छन् । हाल चलिरहेको आर्थिक वृद्धिको नमुनामा आधारित विकासलाई कसरी कायम राख्ने भन्नेमै यी विचारहरू अडेका छन् । धनी राष्ट्रहरू, विश्वका ठूलाठूला व्यापारिक कम्पनीहरू, वित्तीय संस्थाहरू, गरिब देशका धेरैजसो राजनीतिक नेताहरू, तथा धेरैजसो विकासे संस्थामा काम गर्ने बुद्धिजीवीहरूको स्वार्थ यसमा नै छ । यिनको उद्देश्य अहिलेकै असमान शक्ति संरचना तथा त्यसका आधारमा भएका स्रोतहरूको असमान वितरणलाई परिवर्तन गर्ने नभएर समस्याका टुक्रे समाधानहरू खोज्ने हो । यिनीहरूले प्रकृति विनाशको प्राविधिक पक्षलाई जोड दिने गरेका छन् । सरकारका वातावरण बचाउन भनेर गरिएका कार्यक्रमहरू यसै स्वार्थअनुरूप चलेका छन् । दिगो विकासका नाममा फेरि उही विनाशकारी विकासलाई नै निरन्तरता दिने प्रयास भएको छ । केही संरक्षणका कामहरू भएका छन् । तर तिनीहरू सामाजिक रूपले अन्यायपूर्ण छन् । अहिले सरकारले देशको क्षेत्रफलको केही हिस्सा राष्ट्रिय निकुञ्ज वा आरक्षको रूपमा संरक्षण गरेको छ । तर यो जुन ढङ्गबाट गरिएको छ त्यसले फेरि स्रोतहरू उही कर्मचारीतन्त्र, सैनिकहरू, पर्यटन उद्योगहरू, आदिको हातमा पुऱ्याएको छ । यिनीहरूले स्थानीय मानिसका जीविकामा समस्या सृजना गरेका छन् ।

जति बढी प्राविधिक समाधानमा जोड दिने प्रयास गरिन्छ त्यति नै सामाजिक न्यायको कुरा, सहभागिताको कुरा, आत्मनिर्णयको कुरा आदिलाई पन्छाउने गरिन्छ । प्रकृतिमा नै निर्भर रहने मानिसहरूका लागि यसको विनाश भनेको प्राविधिक कुरा मात्रै होइन । यो दैनिक जीविकाको कुरा हो । त्यसैले वास्तवमा प्रकृति बचाउन चालिएका गरिब मानिसहरूका, आदिवासीहरूका आन्दोलनहरू सामाजिक न्यायका लागि गरिएका आन्दोलनका हिस्सा हुन् । चालू विकासका नीतिहरू, ती नीतिहरूमा आधारित कार्यक्रमहरूलाई प्रकृति तथा सामाजिक न्यायको हिसाबले लेखाजोखा गर्ने काम आजको एउटा महत्वपूर्ण आवश्यकता हो । यो साँच्चै नै जनताको जीविकामा आधारित दिगो विकासका लागि चालिने जनप्रयास वा जनआन्दोलनको एउटा महत्वपूर्ण आधार हुन सक्दछ । ♦